



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २३ गते शुक्रबार ❑ 7 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## एमालेका सबै जिल्लामा शुक्रबार अधिवेशन, सहमतिमा नेतृत्व चयनको पहल

**रासस**
**काठमाडौं, २२ पुस**

प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले दशौँ राष्ट्रिय महाधिवेशनपछि पहिलो पटक शुक्रबार मुलुकका सबै जिल्ला कमिटीका अधिवेशन गर्दैछ।

महाधिवेशनपूर्व तोकिएको एकै दिनमा पालिकास्तरको अधिवेशन तथा प्रतिनिधि छनोट कार्य गरेको एमाले अब जिल्ला र प्रदेश अधिवेशनका लागि जुटेको छ । सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीबाट शुक्रबार पार्टीका ७७ वटै भूगोल र विशेष क्षेत्रका जिल्ला अधिवेशनको उद्घाटन थापाथालीस्थित केन्द्रीय कार्यालयको एक्सन रूमबाट एकैसाथ भर्चुअलरुपमा गर्ने तय भएको एमालेका केन्द्रीय प्रचार विभागका उपप्रमुख विष्णु रिजालले जानकारी दिनुभयो।

गत मङ्सिर १० देखि १४ गतेसम्म चितवनमा भएको दशौँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको मङ्सिर २५ र २६ गते भक्तपुरमा सम्पन्न दोस्रो पूर्ण बैठले यही पुस २३ गतेका लागि जिल्ला र आउँदो माघ ८ गतेका लागि पार्टीको प्रदेश अधिवेशन गर्ने निर्धारण गरेको थियो । महाधिवेशनमा 'दक्षिणपन्थी अवसरवाद र सङ्गठनात्मक अराजकतालाई परास्त गरौँ, जबजको मार्गदर्शनमा समाजवादका आधार निर्माण गरौँ' भन्ने मूल नारा तय गरेको एमालेले जिल्ला अधिवेशनको तयारीका लागि सम्बन्धित कमिटीलाई परिचालन गरेको छ। ती जिल्लाबाट केन्द्रीय नेतृत्वमा पुगेका नेता तथा तोकिएका जिल्ला इञ्चार्ज गृहजिल्लामा पुगेका छन्। एमालेले जिल्ला तथा प्रदेश अधिवेशनका लागि दशौँ राष्ट्रिय महाधिवेशनका लागि निर्धारण गरिएको पार्टी सदस्यतालाई नै आधार बनाउनेछ । अधिवेशनका लागि प्रतिनिधि चयनको अनुपात र मापदण्ड पार्टी विधानको व्यवस्थाअनुसार सम्बन्धित कमिटीले तय गर्नेछ।

जिल्ला अध्यक्ष माथिल्लो कमिटीमा निर्वाचित भएको स्थितिमा निजकै अध्यक्षतामा जिल्ला अधिवेशन आयोजना गर्न सकिने भएको छ। मौसमी प्रतिकूलताका कारणले पुस २३ मा जिल्ला अधिवेशन आयोजना गर्न नसकिने हिमाली जिल्लाका हकमा केन्द्रीय कार्यालयसँगको परामर्शमा अर्को मिति तोक्न सकिने एमालेले जनाएको छ । जिल्ला अधिवेशनका लागि अतिथि व्यवस्थापनको सहजीकरण प्रदेश सङ्गठन कमिटीले र प्रदेश अधिवेशनका लागि अतिथि व्यवस्थापनको सहजीकरण केन्द्रीय कार्यालयले गर्नेछ । अधिवेशनमा प्रतिनिधिलाई सर्वसम्मत नेतृत्व चयनका लागि प्रेरित गर्ने र सहमति हुन नसकेको अवस्थामा निर्वाचनको विधि अवलम्बन गर्न एमालेले सर्कुलर गरेको छ। निर्वाचनको विधि र प्रक्रियाका हकमा पार्टीको केन्द्रीय निर्वाचन आयोगको निर्देशनअनुसार गर्न पनि भनिएको छ।

एमालेले जनसङ्गठनको सुदृढीकरणका लागि दशौँ राष्ट्रिय महाधिवेशनको राजनीतिक कार्यदिशाअनुरुप जनसङ्गठनलाई नीतिगतरुपमा परिचालित गर्नेगरी आवश्यक योजना बनाउन थालेको छ । जनसङ्गठनको कार्यक्षेत्रसँग सम्बद्ध अन्य सङ्गठनमा आबद्ध व्यक्तिको प्रवेशको सम्भावना आकलन गरी सम्बन्धित सङ्गठनमा प्रवेशको योजना अघि बढाउने र सबै जनसङ्गठनले आआफ्नो कामको आवश्यकताका आधारमा कमिटीको आकारलाई चुस्तदुरुस्त बनाउने गरी विधानमा आवश्यक संशोधन गर्न एमालेले निर्देशन दिइसकेको छ।

एमालेको जनसङ्गठन संयन्त्रले ती सङ्गठनका काम गरेका नेता कार्यकर्ताको व्यवस्थापन र सङ्गठन परिचालनबारे नयाँ मापदण्ड पनि तयार गरिरहेको छ । लामो समयदेखि सम्बन्धित जनसङ्गठनको वैधानिक व्यवस्थाअनुरुप हुन बाँकी (आधारभूत तहदेखि राष्ट्रिय तहसम्मको) अधिवेशन/सम्मेलन/महाधिवेशन आगामी फागुन मसान्तसम्ममा आयोजना गर्नेगरी कार्ययोजना तयार गर्न पनि एमालेले निर्देशन दिएको छ। एमालेमा हाल २२ जनसङ्गठन छन् ।

## पछिल्लो २४ घण्टामा थप ५४० मा कोरोना संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, २२ पुस**

देशभर पछिल्लो २४ घण्टामा थप ५४० जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

बाह्र हजार ९९ जनाको नमूना परीक्षण गरिएको थियो । सात हजार २०९ जनाले पीसीआर र चार हजार ८९० जनाले एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

गत २४ घण्टामा २७१ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख १३ हजार ४४७ पुगेको छ । निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । नेपालमा पीसीआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३० हजार ४८० र एन्टिजेन विधिबाट परीक्षण गरिँदा ९६ हजार ४४५ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पीसीआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४९ लाख एक हजार ७४२ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ४४ हजार ३९४ पुगेको छ । कूलमा सङ्क्रमण दर १६ दशमलव नौ प्रतिशत छ।

कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा एक लाख २० हजार ६५३ रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ४३१ रहेको छ। पछिल्लो २४ घण्टामा कोरोनाबाट एक जनाको मृत्यु भएको छ । यससँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०२ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ। प्रति १० लाख जनसङ्ख्यामा मृत्युदर ३८१ दशमलव नौ रहेको छ । हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा १४ र आइसियूमा ७९ जना रहेका छन् । होम आइसोलेशनमा पाँच हजार ६९, संस्थागत आइसोलेशनमा ३६२ र क्वारेन्टिनमा ११३ रहेका छन् । हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ, ललितपुर र भक्तपुर रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार ३०२, ललितपुर ६२१ र भक्तपुरमा ५५३ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ।

## देशको उन्नती र प्रगति हुने शिक्षा नीति आवश्यक छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले देशको उन्नती र प्रगति हुने शिक्षा निती आवश्यक भएको बताउनु भएको छ।

पोखराको एस.ओ.एस.हर्मन माइनर विद्यालयको ३८ औं बार्षिक खेलकुद दिवसको बिहीबार एक समारोहका बिच उद्घाटन गर्दै मन्त्री बरालले हाल शिक्षामा अस्त व्यस्त देखिएको उल्लेख गर्दै देशको उन्नती र प्रगती हुने शिक्षा नीति आवश्यक भएको बताउनु भएको हो । नेपालको शिक्षा निती समय सापेक्ष नभएको बताउदै मन्त्री बरालले शिक्षासंगै विद्यार्थीहरुको सर्वाङ्गीण विकासको लागि खेलकुद समेत आवश्यक भएको जनाउनु भयो ।



खेलकुदमा आम जनताको पहुँचमा पुराउनु पर्ने बताउदै मन्त्री बरालले खेलकुदले व्यत्तिलाई अनुसासित र शारीरिक रुपमा मजबुद बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । विद्यालयले शिक्षा क्षेत्रमा पुराएको योगदानको प्रशंसा गर्दै मन्त्री बरालले शिक्षालाई प्रभावकारी बनाउन राज्यको तर्फबाट सहयोग हुने बताउनु भयो। प्रदेश सरकारको तर्फबाट समेत विद्यालयको शैक्षिक विकासको लागि सहयोग हुनेउहाँले जनाउनु भयो । यसैबिच मन्त्री बराललाई मार्च पासमा सहभागि बिद्यार्थीहरुले सलामी दिनु भएको थियो । रातो कार्पेट र पिर्का हटायर मन्त्री बरालले मार्च पासमा सहभागि खेलाडीहरुलाई सलामी फर्काउनु भएको थियो।

विद्यालयका प्रिन्सिपल राजेन्द्र कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा सहायक प्रिन्सिपल किरण सापकोटा लगायतले वोल्नु भएको थियो । कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रम समेत प्रस्तुतः गरिएको थियो। राष्ट्रिय सेवा दल सहितका ५ समुहले मार्च मास सहित विभिन्न खेलकुदमा सहभागि हुने भएको शिक्षक विरसिंह बुढ्ढले बताए।

## नारायणहिटीमा रेस्टुरेन्टबारे छानबिन गर्न समिति गठन

**रासस**
**काठमाडौं, २२ पुस**

संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेको निर्देशनमा मन्त्रालयद्वारा सहसचिव होमप्रसाद लुइँटेलको संयोजकत्वमा नारायणहिटी दरबार सङ्ग्रहालयभित्र रेष्टुरेन्टलगायतका व्यवसाय गर्न बतास समूहलाई दिने हालसम्मका निर्णय प्रक्रियाका बारेमा छानबिन गर्न समिति गठन गरिएको छ।

बिहीबार गठन गरिएको उक्त समितिमा कर्मचारी प्रशासन शाखाका उपसचिव टेकनारायण पौडेल, आर्थिक व्यवस्थापन महाशाखाका लेखा नियन्त्रक सूर्यमणि गौतम, सदस्यमा कानुन शाखाका उपसचिव पुरुषोत्तम खतिवडा तथा समितिको सदस्यसचिवमा शाखा अधिकृत टङ्कबहादुर नेगी रहनुभएको छ । दरबार सङ्ग्रहालयभित्र निर्माण गर्न लागिएको रेष्टुरेन्टका बारेमा तीन दिनभित्र छानबिन गरी प्रतिवेदन पेश गर्न समितिलाई निर्देशन दिइएको मन्त्री आलेले जानकारी दिनुभयो। मन्त्री आलेले नारायणहिटी सङ्ग्रहालय परिसरमा निर्माण भइरहेको रेस्टुरेन्टको काम रोक्न नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालक विकास समितिलाई यही पुस २० गते निर्देशन दिनुभएको थियो। मन्त्री आलेको निर्देशनपछि नारायणहिटी दरबार समितिले बी म्यानेजमेन्ट प्रालिलाई पत्र लेखेर अर्को आदेश नभएसम्मका लागि काम रोक्न निर्देशन दिइसकेको छ । समितिले सङ्ग्रहालयको १० रोपनी जमिनमा रेस्टुरेन्ट व्यवसाय सञ्चालन गर्न बतास कम्पनीसँग सम्झौता गरेको थियो। पुरातात्विक क्षेत्र मानिएको नारायणहिटी दरबार सङ्ग्रहालयभित्र रेस्टुरेन्ट बन्दै गरेको समाचार आएपछि चौतर्फी आलोचना भएको थियो।

## राष्ट्रियसभा निर्वाचनका लागि सत्तारुढ गठबन्धनको समन्वय समिति

**पोखरापत्र संवाददाता**
**काठमाडौं, २२ पुस**

सत्तारुढ गठबन्धनले आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रचारप्रसार र व्यवस्थापनका लागि समन्वय समिति बनाउने भएको छ।


सत्तारुढ पाँच दलीय उच्चस्तरीय संयन्त्रको प्रधानमन्त्री निवास बालुवाटारमा बिहीबार बसेको बैठकले सो निर्णय गरेको हो।

बैठकमा राष्ट्रियसभा सदस्य निर्वाचनको सन्दर्भमा छलफल भएको र गठबन्धनका तर्फबाट प्रचार र व्यवस्थापनका लागि सातै प्रदेशमा पाँचै दलका प्रतिनिधिसहितको समन्वय समिति बनाएर अघि बढ्ने

बाँकी अन्तिम पृष्ठमा ▶▶







# संस्कृत युवा मञ्च नेपालको दोश्रो अधिवेशन सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

संस्कृत युवा मञ्च नेपालको दोश्रो अधिवेशन पोखरामा सम्पन्न भएको छ।

अधिवेशनले रामकृष्ण अर्यालको अध्यक्षतामा सर्वम्मत रुपमा १५ सदस्यीय कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षमा विश्वराज सापकोटा तथा डिल्लीराम पोखेल, सचिवमा केशव गौतम, कोषाध्यक्षमा गोकर्ण बराल, सहसचिवमा महेन्द्र ढकाल र विष्णु गौतम, सहकोषाध्यक्षमा निगम उपाध्यायलाई चयन गरेको हो समितिको सदस्यहरुमा क्रमश धनिराम ढकाल, हरिप्रसाद पौडेल, भवानी पौडेल, विष्णु पौडेल,



लक्ष्मण पौडेल, डिल्लीराम पौडेल, चिदानन्द खतिवडा सर्वसम्मत चयन भएका हुन्।

यसअघि अधिवेशनको उद्धाटन गर्दै भागतव वाचक दीपक सापकोटाले संस्थालाई जागरुकता बनाउँदै चारैतर्फबाट प्रहार हुदै गएको हिन्दू धर्म र संस्कृतिको जगेर्ना गर्न आम समुदायलाई समेत सूसुचित बनाउने खालका कार्यक्रम गर्न आग्रह गर्नुभयो । उहाँले संस्कृति भाषा र स्वधर्मको संरक्षण गर्न सबैलाई प्रेरित गर्दै धर्ममाथि बढ्दै गएको नास्तिकतालाई आस्तिकतामा बदल्न सक्ने कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा सल्लाहकार गिरिधर आचार्यले संस्कृति र संस्कार संरक्षण गर्दै सामाजिक, धार्मिक क्षेत्रमा युवा मञ्चले गरेको कार्य निकै सकारात्मक र प्रशंसा योग्य रहेको बताउनुभयो।

सल्लाहकार राम प्र. सिग्देलले संस्थाको इतिहासको बारेमा जानकारी गराउँदै संस्कृत शिक्षा, पूर्वीय दर्शन, संस्कार र संस्कृतिको जगेर्ना तथा विकासका लागि विभिन्न महत्त्वपूर्ण कार्यहरु गर्नुपर्नेमा जोड दिनुभयो।

संस्थाका अध्यक्ष हरिशरण पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष रामकृष्ण अर्याल, सचिव विश्वराज सापकोटा लगायतले आ आफ्नो भनाई राख्नुभएको थियो । अधिवेशनले विभिन्न प्रतिवेदनहरु समेत पारित गरेको संस्थाका नवनिर्वाचित सहसचिव महेन्द्र ढकालले बताउनुभयो।

# पर्वतीय उडानतर्फ आकर्षण बढ्दै

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

पर्यटकीय नगरी पोखरामा पर्वतीय उडानतर्फ आन्तरिक पर्यटकको आकर्षण बढ्दै गएको छ।

विगतमा पर्वतीय उडानमा विशेषतः विदेशी पर्यटकको मात्रै आकर्षण देखिने गरेकोमा पछिल्ला वर्षमा आन्तरिक पर्यटक पोखरामा आएर पर्वतीय उडानमा सहभागी बन्दै पोखरा र आसपासका हिमाली तथा पहाडी दृश्य नियाल्ने गरेका छन्। पोखराबाट हेलिकप्टर चढी पर्यटक नजिकैका माछापुच्छ्रे, मर्दीलगायतका हिमालको अवलोकन गर्न मर्दी हाइक्याम्प तथा आधार शिविर, कोरी हिमाल, कफुचे हिमताललगायतको अवलोकन गर्न पुग्ने गरेको सत्यम् हेली सर्भिसका सञ्चालक अमृत अधिकारीले जानकारी दिनुभयो । पछिल्लो समयमा पोखरा आउने आन्तरिक पर्यटक पर्वतीय उडानतर्फ आकर्षित हुने गरेका छन्। सत्यम् हेली सर्भिसले फिष्टेल एयरको हेलिकोप्टर भाडामा लिएर पर्यटकलाई सेवा प्रवाह गरिरहेको छ। पोखराबाट कोरी हिमालका लागि प्रतिव्यक्ति रु २५ हजार, मर्दी हिमालका लागि प्रतिव्यक्ति रु २० हजार तथा पोखरा सिटीअन्तर्गत विश्वशान्ति स्तुप, पुम्दीकोट विशाल महादेवमूर्ति, सराङ्कोटलगायतका स्थानको अवलोकनका लागि प्रतिव्यक्ति रु १० हजार शुल्क लिने गरेको अधिकारीले बताउनुभयो।

पोखराबाट मुक्तिनाथ जाने पर्यटकका लागि एउटा उडानको रु दुई लाखसम्म लिने गरिएको छ। एउटा उडानमा पाँच जनासम्म सहभागी बन्न सक्ने क्षमता रहेको अधिकारीले जानकारी दिनुभयो । पोखरा आउने पर्यटकमा पछिल्ला दिनमा खर्च गर्ने क्षमता पनि बढेको पाइएको बताउने व्यवसायी पर्यटक लक्षित गतिविधि बढाउनुपर्ने बताउँछन्। पोखराबाट प्रभु र डाइनेष्टिक एयरले पनि पर्वतीय उडान गरिरहेका छन्।

# भेट्रान्स टेबुलटेनिस प्रतियोगितामा मन्त्रीदेखि विद्यार्थीसम्म

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

गण्डकी प्रदेश खेलकुद परिषद्को आयोजनामा भएको प्रथम गण्डकी प्रदेश भेट्रान्स टेबुलटेनिस प्रतियोगितामा युवा तथा खेलकुद मन्त्री माननीय राजिब गुरुङ, प्रदेश खेलकुद परिषद् गण्डकीका अध्यक्ष तेजबहादुर गुरुङ, उपाध्यक्ष ध्वजकुमार गुरुङ, विद्यार्थीहरु प्रतियोगितामा भाग लिएका थिए।

सोही कार्यक्रममा मन्त्री राजिव गुरुङले कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशीलाई दुई थान टेबुलटेनिस बोर्ड हस्तान्तरण गरेका गरेर कार्यक्रमको उद्घाटन गरेका थिए । उनले खेलकुद प्रतिको लगाव सानै देखि भएकोले आफुले खेलकुदमा आमुल परिवर्तन गर्न खेलाडि तथा खेलकुदका संघहरुलाई आफ्नो तर्फबाट सधैं सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए। संघका अध्यक्ष उत्तम जोशीले खेलकुद मन्त्री राजिव गुरुङले टेबुलटेनिस खेलको बिकासमा ठुलो टेवा पुग्ने बताउदै संघले खेलाडीलाई नियमित



प्रशिक्षण प्रदान गर्न साधन श्रोतको अभाव नहुने बताए।

विहिबार भएको ४० प्लस मेन्स सिङल खेलको फाइनलमा चन्दन शाही र विकेन थापा, ५० प्लस मेन्स सिङलमा राजेन्द्र वज्राचार्य र रन्जन सुब्बा र ५० प्लस मिक्स डबल्समा रन्जन सुब्बा र सुजाता पौडेल तथा राजेन्द्र वज्राचार्य र पार्वती श्रेष्ठको टिम फाइनलमा गएको छ। फाइनल खेल पौष २३ गते पोखरा रंगशालाको टेबुलटेनिस हलमा हुने आयोजकले वताएका छन् । कास्कीको तर्फबाट सहभागी माननीय मन्त्री राजिव गुरुङलाई ललितपुरका रन्जन सुब्बाले सोझो सेटमा ४-१ को अन्तरले हराएका थिए । खेलकुद बिकास समिति कास्की र पोखरा महानगरको सहयोग तथा कास्की जिल्ला टेबुलटेनिस संघको ब्यबस्थापनमा भएको प्रतियोगितामा को उद्घाटन सत्रमा कास्की जिल्ला खेलकुद बिकास समितिका अध्यक्ष तोरण वानियाँ, पोखरा महानगर खेलकुद बिकास समितिका अध्यक्ष दिपक गोदारले गण्डकी प्रदेशको समग्र खेलको बिकासमा बर्तमान माननीय युवा तथा खेलकुद मन्त्री राजिव गुरुङको योगदान अतुलनीय रहेको बताए।

कार्यक्रम संयोजक तथा प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङको अध्यक्षतामा भएको कार्यक्रमको संचालन पोखरा महानगर खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले गरेका थिए।

# म्याराथनमा नेपालका तीन खेलाडीले भाग लिने

**रासस**
**काठमाडौं, २२ पुस**

बङ्गबन्धु शेख मुजिब ढाका म्याराथनमा नेपालबाट तीन खेलाडीले भाग लिने भएका छन् । यही पुस २६ हुने उक्त प्रतियोगितामा नेपालबाट पुष्पा भण्डारी, किरणसिंह बोगटी रज्वार र नरेन्द्रसिंह रावतले प्रतिस्पर्धा गर्नेछन्।

पुष्पा र किरणले भने गत संस्करणमा पनि सहभागिता जनाएका थिए । त्यस संस्करणमा पुष्पाले स्वर्ण जितेकी थिइन् भने किरण चौथो भएका थिए। नरेन्द्रको यो 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो।

तीन खेलाडीसहित चार सदस्यीय नेपाली एथलेटिक्स टोली भोलि बङ्गलादेशको ढाका प्रस्थान गर्दैछ। टोलीका मुख्य प्रशिक्षक चन्द्रबहादुर गुरुङ रहेका छन्।

टोलीलाई सफलताको शुभकामना दिँदै युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराज, सचिव डा दामोदर रेग्मी र राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत प्रशासन विभागका प्रमुख मधुसुदन बस्नेतले बिहीबार सिंहदरबारस्थित खेलकुद मन्त्रालयको सभाकक्षमा आयोजित एक कार्यक्रमबीच बिदाइ गर्नुभयो।

# एघारौ पोखरा महोत्सवलाई संघ संस्थाहरुले सहयोग गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, २२ पुस**

आगामी पुषको २८ देखी अमर सिंह चौरमा आयोजना हुने एघारौ संस्करणको पोखरा महोत्सवलाई पोखरामा भएका विभिन्न संघ संस्थाहरुले सहयोग गर्ने भएका छन।

युनाईटेड क्लवको आयोजना हुने महोत्सवको उद्घाटनको दिन पोखरामा रहेका विभिन्न संघ, संस्था, आमा समुह, टोल बिकास संस्थाहरुले आ आफ्नो झांकी तथा र्‍याली सहभागीता जनाएर सहयोग गर्ने भएका हुन । बिहीबार महोत्सव स्थल पोखराको अमर सिंहचौरमा आयोजित छलफलमा सहभागीहरुले पोखरा महोत्सवलाई सफल बनाउनका लागी सहयोग गर्ने प्रतिवद्धता जनाएका हुन । सो अवसरमा वोल्दै नेपाल मगर इकाई समिति रामबजारका अध्यक्ष क्याप्टेन थमन थापा मगरले पोखरा महोत्सव आयोजक युनाईटेड क्लवको सामाजिक कामको सवैले सिको गर्नुपर्नेमा जोड दिए।

त्यसैगरी नगर महिला समन्वय समितिका उपाध्यक्ष इन्द्रमाया बानियाले पोखरा महोत्सव हामी सवैको महोत्सव भएकाले सवैले सहयोग गर्नुपर्ने वताउदै महोत्सवमा वढी भन्दा वढी मात्रामा झांकी र्‍यालीको सहभागीता जनाउनका लागी अन्य संघ संस्थाहरुलाई आब्हान गर्ने वताइन । त्यस्तै क्लवका अध्यक्ष राजु श्रेष्ठले महोत्सवलाई सफल बनाउन संघ संस्थाहरुको योगदान महत्वपूर्ण रहेको वताउदै आगामी दिनमा पनि सहकार्य गरेर अगाडि वढ्न आग्रह गरे । क्लवका पूर्व अध्यक्ष तथा महोत्सव संघ संस्था परिचालन उपसमिति संयोजक सुक बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न



कार्यक्रममा क्लवका द्धितिय उपाध्यक्ष तथा सचिवालयका संयोजक गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रममा महोत्सवका सल्लाहकार समर बहादुर श्रेष्ठ, दुचीमार्ग टोल बिकास संस्थाका अध्यक्ष किरण प्रसाद भट्टचन लगायतले आ आफ्नो भनाइ राखेका थिए। कार्यक्रमको सञ्चालन क्लवका महासचिव तथा महोत्सवका प्रचार प्रसार संयोजक शान्त बहादुर थापाले गरेका थिए।

# राष्ट्रियसभा...

निर्णय भएको नेकपा (एकीकृत समाजवादी) का महासचिव बेदुराम भुसालले जानकारी दिनुभयो।

सो निर्वाचनमा गठबन्धनले यसअघि नै साझा उम्मेदवारी तय गरी उम्मेदवारको मनोनयनपत्र दर्ता गरिसकेको छ । यसैगरी बैठकमा प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न भारत भ्रमणका सम्बन्धमा छलफल भएको थियो। गठबन्धनका नेताहरूले प्रधानमन्त्री देउवालाई अनुकूल भएमा नेपालको राष्ट्रियता, जनसरोकारलगायत विषयमा भारतसँग कुरा राख्न सुझाव दिनका साथै र भ्रमण सफलताको शुभकामना दिनुभएको उहाँले बताउनुभयो। बैठकमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको प्रगतिको अवस्थाबारेसमेत कुरा भएको थियो। नेपाली कांग्रेसका तर्फबाट संयन्त्रका संयोजक वरिष्ठ नेता रामचन्द्र पौडेल, नेता कृष्णप्रसाद सिटौला, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेता नारायणकाजी श्रेष्ठ र अर्थमन्त्री जनार्दन शर्मा, नेकपा समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, वरिष्ठ नेता झलनाथ खनाल, महासचिव भुसाल, जनता समाजवादी पार्टी नेपालका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई, पार्टी अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय जनमोर्चाकाउपाध्यक्षदुर्गापौडेललगायत सहभागी हुनुहुन्थ्यो।


घरेलु हिंसा, बलात्कार, कुटपिट, बोक्सी आरोपमा गाउँ निकाला, दाइजो प्रथा, बहुविवाह, बालविवाह, जवरजस्ती करणी र अन्य मानसिक तथा शारीरिक यातना, अपहेलना र धम्क्याउनेदेखि जिस्क्याउने कार्य सामाजिक तथा कानूनी अपराध हुन्।

कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर

परीक्षण गरिने रोगहरू:

बाथ रोगः घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

प्यारालाइसिसः शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

ढाड दुख्नेः ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सर्म्पकः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिनेः
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिनेः
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# ओमिक्रोन फैलन थाल्यो कोरोना संक्रमण

भारतमा कोरोना भाइरस संक्रमितको संख्या ह्वात्तै बढेको छ । बिहीबार मात्र ९० हजार ९ सय २८ नयाँ कोरोना संक्रमित भेटिएका छन । ३२५ जनाको मृत्यु भएको छ । कोरोना संक्रमित मध्ये ४९५ जना ओमिक्रोन भेरियन्ट हुनाभारतमा एक साताभा कोरोना संक्रमित छ गुणाले बढेका छन । यो बद्नुमा ओमिक्रोन भेरियन्टको कारण हो भन्ने विज्ञहरूको भनाइ छ । भारतमा बढेसँगै नेपालमा पनि बिस्तारै त्यसको असर देखिन थालेको छ । निकै संक्रामक भनिएको ओमिक्रोन भेरियन्ट नेपालमा समेत पुष्टि भइसकेको छ । पछिल्लो ५ दिनको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तथ्याङ्क हेर्दा बिस्तारै कोरोनाको संक्रमण दर उकालो लाग्न थालेको छ । यो हप्ताको सुरुवातमा संक्रमण दर साढे २ प्रतिशतको हाराहारीमा रहेकोमा बिहीबार यो बढेर ५ प्रतिशत नजिक पुगेको छ ।

खुला सिमानाका कारण नेपालमा संक्रमित थपिने सहजै अनुमान गर्न सकिन्छ । पुस २२ गते १२ हजार ९९ परीक्षण गर्दा ५४० जनामा संक्रमण पुष्टि भएको छ । सो दिन सक्रिय संक्रमितको संख्या ५ हजार ४३१ रहेको छ । त्यसैगरी पुस २१ गते १० हजार २६७ जनाको परीक्षण गर्दा ४३५ जनामा कोरोना पुष्टि भएको थियो । सोही दिन सक्रिय संक्रमितको संख्या ५ हजार २२५ थियो । यस्तै पुस २० गते ९ हजार ३२९ जनाको परीक्षणमा ३९३ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ मन्त्रालयका अनुसार पुस २० गतेको संक्रमित संख्या ५ हजार ९४ छ ।

यता पुस १९ गते १२ हजार ४९८ जनाको परीक्षण गर्दा ३२६ जनामा संक्रमण पुष्टि भएको थियो । १९ गते ५ हजार ५ जना सक्रिय संक्रमित रहेका थिए । यस्तै पुस १८ गते ७ हजार ६३१ जनाको परीक्षण गर्दा २१६ जनामा संक्रमण पुष्टि भएको थियो । उक्त दिन ४ हजार ९७१ जना सक्रिय संक्रमित रहेका थिए । बितेको ५ दिनमा संक्रमण दर १.६३ प्रतिशतले बढेको पाइएको छ । यो तथ्यांकअनुसार आगामी दिनमा संक्रमण दर बढ्न सक्ने देखिएको छ ।

भारतमा ओमिक्रोनको फैलावट र नाकाको प्रवेश विन्दुमा संक्रमणदर बढ्दै गएकाले नेपालमा दुई–तीनहप्ता भित्रै कोरोनाले संख्या उच्च आंकलन गर्न सकिने विज्ञहरू बताउँछन् । 'ओमिक्रोन डेल्टाभन्दा कम घातक छ, तर बढी संक्रामक भएकाले संक्रमितको संख्या उच्च हुने खतरा रहेको विज्ञको सुझावलाई ध्यान दिएर 'संक्रमण रोक्न अहिले नै पूर्वतयारी नगर्ने हो भन्ने ठूलो क्षति ब्यहोर्नुपर्ने हुन्छ ।' अन्य मुलुकमा खोप पहुँच नभएकाहरुमा ओमिक्रोनको संक्रमण फैलिएको छ ।

'तत्काल सबै नागरिकसम्म खोपको पहुँच पुऱ्याउनुपर्छ, नत्र संक्रमण बढ्ने जोखिम ठूलो रहन्छ,'।, 'बालबालिकालाई खोप दिन नसकेको खण्डमा स्कुलबाट 'आउट ब्रेक' हुनसक्छ ।' सरकार र राजनीतिक दल जिम्मेवार बन्नुपर्ने भइसकेको छ ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : झमेला बढ्ने | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : मन चञ्चल | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# तनहुँमा धान उत्पादन कमी

**पोखरापत्र संवाददाता**
तनहुँ,२२ पुस

तनहुँमा यसवर्ष धान उत्पादनमा कमी आएको छ । कृषि ज्ञान केन्द्र तनहुँका अनुसार यसवर्ष १६.४५ प्रतिशतले धान उत्पादनमा कमी आएको हो । यसवर्ष ४१ हजार ९६७ मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्र तनहुँकी कृषि अर्थविज्ञ प्रकृति न्यौपानेले बताउनुभयो । १० हजार ८९८ हेक्टर क्षेत्रफलमा धानखेती गरिएको थियो । त्यसमध्ये १२५ हेक्टर क्षेत्रफलमा लगाइएको धानखेतीमा बाढीपहिरो र वर्षाले क्षति पुगेको थियो ।

गतवर्ष जिल्लामा १२ हजार ६८० हेक्टर क्षेत्रफलमा धानखेती गरिएकामा ५० हजार २३ मेट्रिक टन धान उत्पादन भएको थियो । एक हजार ७८२ हेक्टर क्षेत्रफल घट्दा उत्पादन आठ हजार ५६ मेट्रिक टन कम भएको ज्ञान केन्द्रले जनाएको छ । बाढी पहिरोसँगै धान लगाउने क्षेत्रफल कम भएकाले बर्सेनि धान उत्पादन घटिरहेको कृषि ज्ञान केन्द्र तनहुँका प्रमुख कुलप्रसाद तिवारीले बताउनुभयो । "यो वर्ष धान रोप्ने बित्तिकै आएको बाढी र पाकेर थन्क्याउने बेलामा भएको बेमौसमी वर्षाका कारण उत्पादन घटेको हो", उहाँले भन्नुभयो, "अर्कोतर्फ बर्सेनि धान लगाउने क्षेत्रफल घट्दा पनि उत्पादन कम हुँदैछ ।" गाउँका टारीखेत जनशक्ति अभावमा बाँझो हुँदै गएको छ । राजमार्ग छेउछाउ र बजार क्षेत्रमा रहेका उर्वर जमिन प्लटिङ भएर घडेरीमा रुपान्तरण हुँदा धान फ्भुल्नुको सट्टा बडेमानका कङ्क्रिटका घर ठडिएको प्रमुख तिवारीले बताउनुभयो । "बजार क्षेत्रको खेतमा धान फलाउनु भन्दा घडेरीमा बिक्री गर्दा राम्रो मूल्यपर्ने भएकाले धमाधम प्लटिङ भइरहेका छन्," उहाँले भन्नुभयो, "यसले गर्दा पनि धानको उत्पादन घटिरहेको छ ।" सरकारले भूमिसम्बन्धी नीति बनाएर खेतीयोग्य जमिनमा घरटहरा बनाउन नपाइने प्रावधान लागू नगरेसम्म बर्सेनि धान उत्पादन घट्ने र परनिर्भरता बढ्ने प्रमुख तिवारीको भनाइ छ ।

यो वर्ष चैते धान उत्पादनमा भने वृद्धि भएको छ । कार्यालयका अनुसार यसवर्ष छ हजार ८४५ हेक्टर क्षेत्रफलमा चैते धानखेती गरिएकामा १६ हजार ८९८ मेट्रिक टन चैते धान उत्पादन भएको छ । गत वर्ष चार हजार ३२५ हेक्टर क्षेत्रफलमा धानखेती गरिएकामा ११ हजार ३१ मेट्रिक टन उत्पादन भएको थियो । जिल्लाको शुक्लागण्डकी नगरपालिकास्थित ढोरफिर्दी, मान्द्रेफाँट, साँखे, ब्यास नगरपालिकास्थित शेराफाँट, बाह्रबिसे, साँगे, तनहुँसुर, भानु नगरपालिकास्थित सेपाबगैँचा, कलेस्ती, पुर्कोट, घिरिङ गाउँपालिकास्थित गजरकोटको अत्रौली, आँबुखैरेनी लगायतका फाँटमा धान उत्पादनका लागि उर्वर क्षेत्र हुन् । जिल्लाका किसानले सावित्री, मन्सुली, मकवानपुरे, रामधान सुख्खा १, सुख्खा २ लगायतका उन्नत जातका धान लगाउने गर्दछन् । टाइचिन, बास्मतीलगायतका केही रैथाने जातका धान पनि जिल्लाका किसानले छिटफुट रूपमा लगाउने गर्दछन् । तर रैथाने जातका धान किसानले निकै कम लगाउने कार्यालयले जनाएको छ ।

# लमजुङमा धान उत्पादनमा वृद्धि

**पोखरापत्र संवाददाता**
लमजुङ, २२ पुस

लमजुङमा धान उत्पादनमा वृद्धि भएको छ । समयमै वर्षा, पर्याप्त मल र उन्नत जातका बीउ लगाएकाले यसवर्ष धान उत्पादनमा वृद्धि भएको कृषि ज्ञान केन्द्र कार्यालय लमजुङले जनाएको छ ।

केन्द्रका सूचना अधिकारी तथा अर्थविज्ञ मदन रेग्मीका अनुसार यसवर्ष १४ हजार २६० हेक्टर क्षेत्रफलमा लगाइएको धान खेतीबाट ४४ हजार ७७६ मेट्रिकटन धान उत्पादन भएको छ । गत वर्ष १४ हजार २८० हेक्टर क्षेत्रफलमा लगाइएको धानखेतीबाट ४४ हजार ४२५ मेट्रिकटन धान उत्पादन भएको थियो । गत वर्षको तुलनामा यो वर्ष २० हेक्टर क्षेत्रफल कम जमिनमा धानखेती गरिए पनि ३५१ मेट्रिकटन उत्पादन वृद्धि भएको केन्द्रका सूचना अधिकारी रेग्मीको भनाइ छ ।

यसवर्ष धान उत्पादनमा वृद्धि भएपछि जिल्लाका किसान हर्षित भएका छन् । मौसम राम्रो भएको र समयमै पानी भएकाले उत्पादन राम्रो भएको उहाँको भनाइ छ । त्यस्तै, केन्द्रका अनुसार आर्थिक वर्ष २०७५/७६ मा जिल्लामा १४ हजार २३० हेक्टर क्षेत्रफल जमिनमा लगाइएको धानखेतीबाट ४४ हजार १५५ मेट्रिक टन धान उत्पादन भएको थियो । आर्थिक वर्ष २०७४/२०७५ मा १४ हजार ७९१ हेक्टर क्षेत्रफलमा गरिएको धान खेतीबाट ४४ हजार ५४५ मेट्रिक टन उत्पादन भएको थियो । त्यस्तै, आर्थिक वर्ष २०७३/७४ मा १४ हजार ४९६ हेक्टर क्षेत्रफलमा गरिएको धानखेतीबाट ४३ हजार ८३० मेट्रिकटन धान उत्पादन भएको थियो । आर्थिक वर्ष २०७२/७३ मा १५ हजार ८०० हेक्टर क्षेत्रफलमा धानखेती गरिएकोमा ४० हजार ५७८ मेट्रिक टन धान उत्पादन भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लामा सबैभन्दा बढी जिल्लाकै ठूला फाँट भोर्लेटार, चक्रतीर्थ, धमिलिकुवा, साइलीटार, अल्काटार, भोटेओडार, अर्लैचेफाँट रामचोकबैंसीलगायतका क्षेत्रमा धान उत्पादन राम्रो भएको कृषि ज्ञान केन्द्र लमजुङले जनाएको छ । केन्द्रका सूचना अधिकारी रेग्मीले भन्नुभयो, जिल्लामा साबीत्री, रामधान, सुख्खा १, सुख्खा २, सुख्खा ३, लोकतन्त्र, सुनौलो सुगन्ध जस्ता जातका धान किसानले लगाउँदै आएका छन् । किसानले पानी कम हुने ठाउँमा भने सुख्खा १, सुख्खा २, सुख्खा ३ लगाउने गरेका छन् ।

जिल्लामा ४५ हजार ५० हेक्टर क्षेत्रफल खेतीयोग्य जमिनमध्ये १५ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको उहाँको भनाइ छ ।

**अर्जेन्ट चाहियो**
**अफिसको लागि**
साधारण लेखापढ: ३ जना
SLC, + 2 above : ५ जना
तलब: आर्कषण
सम्पर्क:
९८१६६२२७९२
९८४६३८१६६१

# बालविवाहका कारण शिक्षाको अवसरबाट वञ्चित

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ पुस

धौलागिरि गाउँपालिका–३ मुनाकी २० वर्षीया सरु रसाइली आमा बनेको तीन वर्ष भयो । सोह्र वर्षको उमेरमा भागी विवाह गरेकी मालिका–१ निस्कोट माइती भएकी सरु १७ वर्षमै आमा बन्नुभएको हो । पन्ध्र वर्षकै उमेरमा विवाह गरेकी मुनाकै २५ वर्षीया यामकुमारी पुन दुई सन्तानकी आमा बनिसक्नुभएको छ । "९ कक्षा पढ्दापढ्दै विवाह भयो", पुनले भन्नुभयो, "बिहेपछि पढाइलाई निरन्तरता दिन सकिन ।" अन्नाइस वर्षको हुँदा विवाह गरेकी पूर्णकला पुनले माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरे पनि त्यसभन्दा माथिल्लो तहको शिक्षा हासिल गर्न विवाह गरेकै कारण वञ्चित हुनुपरेको बताउनुभयो । दुई सन्तानकी आमा बनिसक्नुभएकी पूर्णकलाले उमेर नपुग्दै गर्भवती र सुत्केरी हुँदा समस्या भोग्नुपरेको बताउनुभयो । सरु, यामकुमारी र पूर्णकलालाई बालविवाह गरेकामा पछुतो लागेको छ । शारीरिक र मानसिकरूपमा परिपक्क नहुँदै विवाह गरेका कारण श्रीमान्श्रीमतीले एक–अर्कालाई बुझ्ने विषयमा एकरुपता नहुँदा झगडा हुने गरेको उहाँहरूको अनुभव छ । आफूहरूले भोगेको पीडा अरुलाई नपरोस् भनेर दश वर्षअघि बालविवाह गरेका अहिले सङ्गठित भएर बालविवाहविरुद्धको अभियानमा जुटेका छन् । "कानुनी हिसाबले अपराध मानिने बालविवाह गर्दा आर्थिक, शैक्षिक, शारीरिक र सामाजिकरुपमा धेरै क्षति ब्यहोर्नुपरेको छ", सरुले भन्नुभयो, "हामीलाई जस्तो समस्या नपरोस् भनेर बेलैमा सचेत बनाउन लागिएको हो ।" आयआर्जन समूहमा आबद्ध भएर मासिकरुपमा बचत गर्ने, सहुलियत ब्याजदरमा ऋण लिएर व्यवसाय गरी आत्मनिर्भर बन्ने प्रयासका साथै बालविवाहको जोखिममा रहेका किशोरकिशोरीलाई परामर्श दिने र बालविवाह हुन नदिने वातावरण बनाउन पहल गरेको उहाँ बताउनुहुन्छ । बालविवाह हुन लागेकोसूचनापाएमासम्झाइबुझाइ गर्ने उनीहरूले नमानेलाई कानुनी कारबाहीका लागि वडा, पालिकाका जनप्रतिनिधि र पालिकामा खबर गर्छन् । धौलागिरि गाउँपालिकाका २, ३, ४ र ७ नम्बर वडामा गर्ल्स फस्ट फण्ड परियोजनाअन्तर्गत सङ्गम म्याग्दीमार्फत सन् २०१९ देखि बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

चौध आयआर्जन समूह, आठ बालविवाह प्रतिकार समूह र १० विद्यालयमा किरोशी समूह बनाइएको सङ्गम म्याग्दीका कार्यक्रम संयोजक खिमा पुर्जाले बताउनुभयो । कार्यक्रम लागू भएका वडामा १० वर्षअघि २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने किशोरीको सङ्ख्या ४६३ थियो । आयआर्जन समूहलाई घुम्तीकोष परिचालनका लागि रु ४८ लाख ९० हजार अनुदान उपलब्ध गराइएको सङ्गम म्याग्दीका अध्यक्ष दीपक पौडेलले बताउनुभयो । सामूहिक जमानीका आधारमा सहुलियत ब्याजदरमा बिना धितो घुम्ती कोषबाटऋणलिएरउनीहरूलेबाख्रा, कुखुरापालन,सिलाइव्यवसायगरेका छन् । बालविवाह न्यूनीकरणका लागि धौलागिरि गाउँपालिकाले उमेर सान्दर्भिक विवाहसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरेको छ । कार्यक्रममार्फत विद्यालय र समुदायस्तरमा बालविवाहविरुद्ध सन्देशमूलक कार्यक्रम गरिएको छ । बालविवाह न्यूनीकरण कार्यक्रमअन्तर्गत सन्देशमूलक नाटक 'काइली आमा'को प्रदर्शन गरिएको छ ।

# त्रिवेणी कपको उपाधि भोटेओडारलाई

**पोखरापत्र संवाददाता**
लमजुङ, २२ पुस

जिल्लाकै सर्वाधिक धन राशिको २९औँ त्रिवेणी कप पुरुष फुटबल प्रतियोगिताको त्रिवेणी कपको उपाधि लमजुङको बुद्धयुथ क्लब भोटेओडारले जित्न सफल भएको हो ।

बैँसीशहर नगरपालिका–७ स्थित सहजी रङगशालामा बुधबार साँझ सम्पन्न भएको फाइनाल खेलमा भोटेओडारले भगवती टोखा युवा क्लब काठमाडौँलाई २–० को फराकिलो गोलअन्तरलेपछि पार्दै उक्त उपाधि जित्न सफल भएको हो । त्रिवेणी कपको उपाधिका लागि भोटेओडारका जर्सी नम्बर ११ का सन्दिप राना मगरले खेल सुरु भएको १३ औं मिनेटमा गोल गर्दै टिमलाई अग्रता दिलाएको थियो । त्यस्तै, विदेशी खेलाडी जर्सी नम्बर २२ का याहिक्क अबदुल्हाले खेल पहिलो हाफ अघिकै १५औं मिनेटमा एक गोल गर्दै दुई गोलको अग्रताले भोटेओडार अघि रहदै उक्त दुई गोल नै विजयीको लागि पर्याप्त बनेसँगै उक्त उपाधि प्राप्त गरेको हो । यसअघि ११औं त्रिवेणी कपको विजेता बनेको थियो भने, यस उपाधि दोस्रो पटक जित्न सफल भएको छ । त्रिवेणी कपको दावेदार मानिएको श्रीभगवती टोखाले खेलअवधिको अन्तिम समयसम्म पनि गोल गर्ने सुनौलो अवसर पाएपनि गोल गर्न असफल हुँदा पराजित बन्दै दोस्रो स्थानमा चित्त बुझाउन बाध्य हुन पुग्यो ।

त्रिवेणी कपको च्याम्पियन बन्न सफल भोटेओडारले सेमिफाइनल खेलमा समाज कल्याण काठमाडौँलाई हराउँदै फाइनलयात्रा तय गर्दै उपाधि जित्न सफल भयो । दोस्रो हुन सफल काठमाडौँले आयोजक तथा साविक विजेता त्रिवेणी युवा क्लबलाई सेमिफाइनलबाट फाइनालको यात्रा समाप्त गर्दै फाइनाल पुगेको थियो ।

त्रिवेणी कपको च्याम्पियन बन्दै बिवाइसी भोटेओडारले नगद रु पाँच लाख त्रिवेणी कप, स्वर्णपदक र प्रमाणपत्र प्राप्त गरेको छ । त्यस्तै, उपविजेतामा सीमित बन्न पुगेको श्रीभगवती टोखाले नगद रु तीन लाख, रजत पदक र प्रमाणपत्र प्राप्त गरेको छ । सेमिफाइनल उपविजेता दुई टिम आयोजक त्रिवेणी युवा क्लब र समाज कल्याण काठमाडौँले नगद रु ५०/५० हजार मेडल, प्रमाण पत्र प्राप्त गरेको छ । त्यस्तै दोस्रो स्थानमा चित्त बुझाउन बाध्य भएका श्रीभगवती टोखाका जर्सी नम्बर २५ का विदेशी खेलाडी अरमान बेबीम र भोटेओडारका विदेशी खेलाडी जर्सी नम्बर ७ का फकुल्ले अबयोमीले सम्मान चार चार गोल गर्दै दुई जना नै सर्वाधिक गोलकर्ता घोषित हुनुभयो । उहाँहरूले जनही रु साढे सात हजार प्राप्त गर्नुभयो ।

त्यस्तै भगवती टोखाकाजर्सी नम्बर ७ का अमित लामा सर्वोकृष्ट खेलाडी घोषित हुँदै १५ हजार रुपैयाँ प्राप्त गर्नुभएको छ । त्यस्तै बागमती युवा क्लब सर्लाही अनुशासित टिम घोषित हुँदै ट्रफी प्राप्त गरेको छ । आयोजक क्लबका अध्यक्ष विनोद गुरुङका अनुसार त्रिवेणी युवा क्लब बैँसीशहर लमजुङको आयोजनामा यही पुस गत १२ गतेदेखि सुरु भएको यस प्रतियोगितामा जिल्लाभरीका १८ टिमको सहभागिता रहेको थियो । विजयी खेलाडीलाई गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल लगायतले पुरस्कार वितरण गर्नुभएको थियो । गत वर्ष भने कोरोना सङ्क्रमणका कारण त्रिवेणी कप हुनसकेको थिएन । यसवर्ष भएको खेलको फाइनाल खेलको दिनमा मात्र पाँच हजार भन्दा बढी दर्शक उपस्थित भएको आयोजकले जनाएको छ ।

# बागलुङ–बेनी सडक दैनिक पौने ९ घण्टा बन्द

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ पुस

म्याग्दी र मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने वैकल्पिक मार्ग बागलुङ–बेनी सडक दैनिक पौने ९ घण्टा बन्द हुने भएको छ । बेनी नगरपालिका–२ हाडेभिर खण्डमा पहाड काटेर सडक विस्तार गर्नका लागि यही पुस २५ गतेदेखि माघ ९ गतेसम्म दैनिक पौने ९ घण्टा सवारी सञ्चालन बन्द गर्न लागिएको हो ।

जिल्ला प्रशासन कार्यालयमा बिहीबार प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी रानाको अध्यक्षतामा बसेको सुरक्षा अधिकारी, यातायात, निर्माण व्यवसायी र पूर्वाधार विकास कार्यालयका प्रमुखको बैठकले बिहान ५ बजेदेखि ९:३० बजेसम्म र साँझ ४:१५ देखि ८ बजेसम्म सवारी आवतजावत बन्द गर्ने निर्णय गरेको छ ।

यसैगरी बेनी–पाखापानी सडकको अर्थुङ्गे–घतान खण्डमा ढलान गर्नका लागि यही पुस २५ देखिमाघ ४ गतेसम्म सवारी सञ्चालनमा पूर्णरूपमा रोक लगाइएकाले वैकल्पिक सडक प्रयोगका लागि सर्वसाधारणलाई अनुरोध गरिएको पूर्वाधार विकास कार्यालयका प्रमुख सन्तोष अर्यालले जानकारी दिनुभयो । "हाडेभिरको साँघुरो ठाउँमा एक्साभेटर प्रयोग गरेर पहाड फुटाउँदा सवारी साधन आवतजावत गर्दा दुर्घटनाको जोखिम र काम प्रभावित हुने भएकाले निर्माण व्यवसायीले समय तालिका बनाउन प्रस्ताव गरेका थिए", उहाँले भन्नुभयो, "बेनी–पाखापानी सडकको अर्थुङ्गे–नेटेचौर खण्डमा पनि ढलानका लागि सवारी बन्द गर्नुपरेको हो ।"

हाडेभिरमा करिब २०० मिटर दूरीमा पहाड काटेर सडकलाई १० मिटर पराकिलो पार्न लागिएको हो । पूर्वाधार विकास कार्यालय म्याग्दीले बागलुङ–रत्नेचौर–बेनी सडक आयोजनाअन्तर्गत खबरादेखि हाडेभिरको मोटरेबल पुल जोड्ने सडक कालोपत्रे गर्न विसं २०७७ साउनमा बिस्वा–सिमरन जेभीसँग करसहित रु पाँच करोड ४३ करोड ३७ हजार ५९९ मा ठेक्का सम्झौता गरेको थियो ।

# कालीगण्डकी सभ्यताको एक गन्तव्य 'केलादीधाम'

–वासुदेव पौडेल र सुशीला रेग्मी
गण्डकी, २२ पुस (रासस)

स्याङ्जा पाल्पा, तनहुँ र नवलपरासीको सङ्गमस्थल केलादीधाम कालीगण्डकी सभ्यताको केन्द्रका रूपमा परिचित छ । कालीगण्डकी तटीय क्षेत्रअन्तर्गत स्याङ्जाको चापाकोट नगरपालिका वडा नं ६ मा पर्ने सो स्थान हुँदै पुर्स्तौंदेखि कास्की, स्याङ्जा, तनहुँलगायत आसपासका जिल्लाबाट सर्वसाधारण नुन लिन जाने प्रचलनका कारण पनि तत्कालीन समयदेखि नै यहाँको चर्चा चुलिएको पाइन्छ ।

कालीगण्डकीमा वारपार गर्नका लागि प्राचीन समयदेखि नै यहाँस्थित डुङ्गाघाट आसपासको क्षेत्रको नै केन्द्र बनेको थियो । ठाउँठाउँबाट आवतजावतका लागि सर्वसाधारण आउने तथा भेट हुने भएकाले केलादीघाट तत्कालीन सूचनाको केन्द्र जस्तै बनेको थियो । वैशाख सङ्क्रान्ति, माघे सङ्क्रान्ति या अन्य विभिन्न चाडपर्व र तिथिमा सो घाटमा आएर स्नान गरे पुण्य सञ्चय हुने विश्वास रहेको राधा दामोदर नेपाल निम्वार्क पीठ केलादीधाम संरक्षण समितिका सचिव घनश्याम खनालले बताउनुभयो ।

प्रकृति र संस्कृतिको अनुपम सङ्गम सो स्थलमा मुक्तिनाथदेखि बगेको कालीगण्डकीले शीतलता प्रदान गरेको छ नै, वरपर डाँडाले घेरिएको यस सुन्दर क्षेत्रमा आउने जोकोही लोभिने गरेका छन् । विभिन्न धर्मग्रन्थमा यहाँको महिमा र गरिमा चर्चा गरिनाले पनि यस धार्मिक -पर्यटकीय तीर्थस्थलको विशिष्टता झल्काएको सचिव खनालले बताउनुभयो ।

शालिग्राम पाइने विश्वको एक मात्र नदी कालीगण्डकीका किनारमा रहेको सो स्थानको आध्यात्मिक रूपमा पनि विशेष महत्व रहेको छ। उहाँले सो धामको दर्शन गर्न नसक्नेले नाम उच्चारण गर्दा पनि पुण्य मिल्ने जनविश्वास रहेको बताउनुभयो । प्राचीन धर्मग्रन्थ 'बराह पुराण'मा 'स्नात्वा समीपतीर्थे तु कृष्णगङ्गोद्भवे सदा । एवं नित्यप्रसक्तो हि कुरुते द्रव्यगर्वितः'उल्लेखगरीकालीगण्डकी र त्यसका नजिकका तीर्थमा गरिने स्नानको महत्व सम्बन्धमा प्रकाश पारिएको छ । अहिंसालाई सर्वोपरि राख्ने निम्वार्क वैष्णव सम्प्रदायको केन्द्रीय पीठका रूपमा यहाँस्थित राधादामोदर निम्बार्क पीठ रहनाले पनि यहाँको महत्व बढाएको समितिका अध्यक्ष लेखनाथ बस्ताकोटीले बताउनुभयो । "वैष्णव सम्प्रदायसँगै विभिन्न स्थानबाट धार्मिक पर्यटकहरू केलादीधाम आउने गरेका छन्", उहाँले भन्नुभयो, " धार्मिक तथा ऐतिहासिक धरोहर यस धाममा भौतिक पूर्वाधार र विकास भने अपेक्षित हुन सकेको छैन ।" यस क्षेत्रलाई महत्वपूर्ण तीर्थस्थलका रूपमा विकास गर्ने उद्देश्यका साथ एक दशकअघि गरिएको महायज्ञबाट सङ्कलित रु ६८ लाखबाट पूर्वाधार विकासका कामलाई प्राथमिकताअनुसार बढाउन थालिएको हो ।

सचिव खनालका अनुसार यहाँस्थित पुरानो मन्दिर पुनःनिर्माण गरिएको छ । प्राचीनकालदेखि नै पूजाआजा गर्दै आइएको यहाँस्थित राधादामोदर मन्दिर २०१३ सालमा पुनःनिर्माण गरिएको थियो । झण्डै ६ दशकपछि मन्दिर जीर्ण बनेपछि स्थानीयवासीको सक्रियतामा २०७० मा निर्माण थालेर २०७४ सालमा पुरानै शैलीमा निर्माण गरिएको हो । छाने र गुम्बज शैली सम्मिश्रण गरी बनाइएको नयाँ मन्दिरमा २०७५ साल वैशाख पूर्णिमादेखि पूजाआजा गर्ने गरिएको छ । मन्दिर पुरानै स्वरूपमा निर्माण गर्नका लागि काठमाडौंदेखि कालिगढ मगाइएको समितिले जनाएको छ। मन्दिर निर्माणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट विसं २०६६ देखि २०७४ सम्म पटकपटक गरी रु ६५ लाख सहयोग प्राप्त भएको थियो ।

केलादीधामको ऐतिहासिक एवम् धार्मिक महत्वलाई दृष्टिगत गरी शहरी विकास विभागद्वारा पूर्वाधार विकासका लागि रु १४ करोडको लागत अनुमानसहित गुरुयोजना तयार गरिएको सचिव खनालले जानकारी दिनुभयो । मन्दिर परिसरमा हाल महन्त निवास, भान्छाघर, हवनकुण्ड, प्रवेशद्वार आदि पूर्वाधार निर्माण भइसकेको तथा निम्बार्क समुदायको पहिचानस्वरुप निम्बार्क स्तम्भ निर्माण गर्ने काम भइरहेको छ । गुरुयोजनाअन्तर्गत केलादीधाममा वाचनालय, विभिन्न कुण्ड, अतिथि निवास, गुरुकुल पाठशाला, ज्येष्ठ नागरिक ग्रामअन्तर्गत २० आवास भवन निर्माण गरिने छ । यहाँ नै नेपाल संस्कृत विश्वविद्यालय, राधादामोदर संस्कृत विद्यापीठ मातहत योग तथा प्राकृतिक चिकित्साको स्नातक तहको अध्यापन गराउने विषय पनि चर्चामा रहेको सचिव खनालले जानकारी दिनुभयो । पौराणिक महत्वका हिसाबले यस क्षेत्रको अपेक्षित विकास हुन नसकेको चापाकोट नगरपालिकाका नगर प्रमुख शिवकुमार गिरीले बताउनुभयो । "केलादीधामको विकास हाम्रो प्राथमिकतामा छ, सीमित बजेटका कारण अपेक्षित काम गर्न सकेका छैनौँ", उहाँले भन्नुभयो, "सम्बद्ध सबैको साथ र सहयोगमा यस क्षेत्रलाई धार्मिक पर्यटनको उत्कृष्ट गन्तव्यका रूपमा विकास गर्नेतर्फ लाग्नु जरुरी छ ।" यहाँ निर्मित राधादामोदरको मन्दिर पर्यटकका लागि आकर्षणको केन्द्र बनेको छ । यहाँ विशेषगरी महत्वपूर्ण तिथिमितिका साथै बिदाका दिन यहाँ अवलोकन गर्ने र तस्बिर खिंचाउन आउनेको लर्को लाग्छ । शीतल हावासँगै मन्दिर दर्शन र अवलोकन गर्न जानेक्रम विस्तारै बढ्दो छ । कालीगण्डकी तटमा रहेकाले पनि पुण्यप्राप्ति गर्ने विश्वासका साथ यहाँ वैशाखे सङ्क्रान्ति, माघे सङ्क्रान्ति, एकादशी जस्ता पर्वमा स्नान गर्न आउनेको भीड लाग्छ । दिवङ्गत व्यक्तिलाई केलादीघाटमा अन्तिम संस्कार गरेमा उनीहरूको आत्माले शान्ति मिल्ने र वैकुण्ठबास हुने विश्वासका कारण टाढाटाढाबाट शव ल्याइने गरेको स्थानीयवासी बताउँछन् । राधादामोदर मन्दिरका नाममा पाल्पा, स्याङ्जा, तनहुँ र नवलपुरमा गरी करीब १८५ रोपनी जग्गा छ । यस क्षेत्र स्याङ्जाको चापाकोट नगरपालिकाअन्तर्गत वडा नं ६ मा रहे पनि संरक्षण, रेखदेख, भौतिक संरचना निर्माणलगायत क्षेत्रमा पाल्पा, रामपुर नगरपालिका र तनहुँ घिरिङ गाउँपालिकावासीले सहयोग गरिरहेका छन् । केलादीधामको आन्तरिक व्यवस्थापनका लागि नगर र वडास्तरबाट समयसमयमा बजेट उपलब्ध गराउँदै आइएको चापाकोट - ६ का वडाध्यक्ष एकदेव भट्टराईले बताउनुभयो । उहाँका अनुसार कालीगण्डकी सभ्यताको महत्वपूर्ण गन्तव्यका रूपमा यहाँको विकास हुने सम्भावना छ। आवश्यक पूर्वाधार विकाससँगै राम्रो प्रवर्द्धन भएमा यसलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने उहाँको भनाइ छ। केलादीधामको धार्मिक तथा सांस्कृतिक महत्वलाई उजागर गर्न स्थानीय तहका तर्फबाट सक्दो सहयोग गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

# चितुवाको आक्रमणबाट ज्यान गुमाएका परिवारलाई दश लाख राहत

पोखरापत्र संवाददाता
तनहुँ, २२ पुस

डिभिजन वन कार्यालयले चितुवाको आक्रमणबाट ज्यान गुमाएका परिवारलाई प्रति परिवार रु दश लाख राहत प्रदान गरेको छ।

आर्थिक वर्ष २०७७/७८ को हालसम्ममा जिल्लामा चितुवाको आक्रमणमा परी दश जनाले ज्यान गुमाएका थिए । उनीहरूको परिवारलाई रु दश लाखका दरले राहत वितरण गरिएको सहायक वन अधिकृत काशीराज पण्डितले जानकारी दिनुभयो । चितुवाको आक्रमणबाट भानु नगरपालिका-३ का ६ वर्षीय विशाल श्रेष्ठ, भानु-४ का चार वर्षीया रञ्जिता लम्साल, भानु-२ का १० वर्षीय अमृत गुरुङ, भानु-२ की आठ वर्षीया पुष्पा अधिकारी र सोही वडाका सात वर्षीय ऋतिक रोकाको मृत्यु भएको थियो ।

यस्तै भानु-१ का कुशल बानियाँ, बन्दिपुर-४ का ११ वर्षीय इशाक सुनार, शुक्लागण्डकी-३ का रवीन नेपाली, आँबुखैरेनी-१ का आठ वर्षीय पुजन सिञ्जाली र शुक्लागण्डकी-२ का नारन रानाको पनि चितुवाको आक्रमणबाट ज्यान गएको थियो ।

चितुवाको आक्रमणबाट सख्त घाइते भएकालाई जनही रु दुई लाख र सामान्य घाइतेलाई जनही रु बीस हजारका दरले उपचारखर्च उपलब्ध गराइएको पण्डितले बताउनुभयो । भानु नगरपालिका-११ का भीमबहादुर तामाङ, भानु-१३ का चिजबहादुर कुवँर, भानु-१३ कै प्रेमबहादुर बानियाँ, भानु-२ का हेमराज सुनुवार, भानु-२ का सुलभ दाहाल, भानु- २ की सोनी अछामी, बन्दिपुर-५ का अनुप नेपाली, आँबुखैरेनी-१ की अमिसा थापा, बन्दिपुर-१ का अक्कलबहादुर चेपाङ र व्यास नगरपालिका-१२ की अढाइ वर्षीया अश्विनी परियार घाइते भएकी थिइन् । वन्यजन्तुको आक्रमणबाट पशुधन क्षति हुँदा रु तीन लाख ४६ हजार राहत उपलब्ध गराइएको कार्यालयले जनाएको छ ।


## मादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की, गण्डकी प्रदेश, नेपाल

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८/०९/२३

यस कार्यालयको मिति २०७८/०७/२३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं 18/MR/M/W/S/Q/2078/079 मा प्लास्टिक तथा नेट जाली खरिद सम्बन्धी सूचना अनुसार e-bidding बिधि मार्फत तोकिएको म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट तपशिल बमोजिमका बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित, सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| ठेक्का नं. | कामको बिबरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (V.A.T. बाहेक) | कैफियत |
|---|---|---|---|---|
| 18/MRM/W/SQ/2078/79 | The Procurement of Plastics and Nets for Madi Rural Municipality | INTER TRADE NEPAL, Biratnagar-7, Morang, Nepal | NRs.1,530,000.00/- | |

प्रमुख प्रशासकीय अधिकृत


# मित्र मिलन सहकारीको सेवा केन्द्र कसेरीको प्रथम वार्षिकोत्सवमा आँखा शिविर सम्पन्न

हुमा परियार/सुस्मिता श्रेष्ठ
पोखरा, २२ पुस



मित्र मिलन बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सदस्य सेवा केन्द्र कसेरीको प्रथम वार्षिकोत्सवको अवसरमा आँखा शिविर सम्पन्न भएको छ। हिमालय आँखा अस्पतालको प्राविधिक सहयोगमा बिहीबार कसेरी स्थित सदस्य सेवा केन्द्र परिसरमा शिविर सम्पन्न भएको हो ।

शिविरमा ६ सय जनाको आँखा जाँच गरिएको छ । जसमध्ये १५० जनालाई चस्मा उपलब्ध गराइएको छ भने ६ जनालाई थप उपचारकालागि अस्पताल रिफर गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत किरण अधिकारीले जानकारी दिए । कार्यक्रममा हिमालय आँखा अस्पतालकी नेत्र अधिकृत शसिकमला लामिछानेको प्रमुख आतिथ्यता रहेको थियो ।

संस्थाका अध्यक्ष रमण पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सचिव कुशल पौडेलले गरेका थिए। प्रमुख कार्यकारी अधिकृत पौडेलले कार्यक्रममा उपस्थितहरुलाई स्वागत गरेका थिए ।

नयाँबजार स्थित प्रधान कार्यालय रहेको संस्थाले सामाजिक उत्तर दायित्व अन्तर्गत विविध अवसरमा समाजलाई प्रत्यक्ष लाभावन्वित हुने कार्यक्रमहरु गर्दै आइरहेको छ ।

# शिवालय माविको ६१ औँ वार्षिकोत्सवमा ५ जनालाई वर्ष सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस



कास्कीको रूपा गाउँपालिका-२, थुम्कीस्थित शिवालय माध्यमिक विद्यालयको ६१ औं वार्षिकोत्सव सम्पन्न भएको छ।

सो अवसरमा विद्यालयको विकासका लागि विभिन्न ढङ्गले सहयोग गर्ने ५ जनालाई शिवालय वर्ष सम्मान २०७८ प्रदान गरिएको थियो। सम्मानित हुनेमा विद्यालयकी शिक्षिका रस्मिला खनाल, पूर्व विद्यार्थी तथा पृथ्वीनारायण क्याम्पसका उपप्राध्यापक मनबहादुर भुजेल, पूर्व विद्यार्थी तथा लेखनाथ उद्योग वाणिज्य सङ्घका प्रथम उपाध्यक्षराजेन्द्र ओझा, विद्यालय व्यवस्थापन समितिका पूर्व सदस्य दुर्गाबहादुर विक र पूर्व प्रधानाध्यापक रोशनलाल गुरुङ रहेका थिए । सोही कार्यक्रममा विद्यालयका पूर्व विद्यार्थी टीकाराम सुवेदीले आफ्ना माता र पिता सरस्वती सुवेदी र दण्डापाणि सुवेदीको स्मृतिमा ३ लाख रुपैयाँ तथा पूर्व विद्यार्थी डा. नारायण ओझाले आफ्ना माता र पिता डिलकुमारी ओझा रविश्वनाथ ओझाको स्मृतिमा अक्षयकोष स्थापनाका लागि ५० हजार रुपैयाँको चेक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन सुवेदीलाई हस्तान्तरण गरे । कार्यक्रममा पूर्व गृहमन्त्री खगराज अधिकारीले शैक्षिक क्षेत्रमा राजनीति हावी हुन नहुने तर्क गरे । शिक्षक, विद्यार्थी र अभिभावक जिम्मेवार भए मात्रै शैक्षिक उद्देश्य हासिल हुने भन्दै अधिकारीले शिक्षकलाई जुनीभर कुलतमा लाग्ने छुट नभएकोमा जोड दिए। पूर्व स्वास्थ्य मन्त्रीसमेत रहेका उनले सेवानिवृत्त भएपछि पनि शिक्षक शिक्षक नै रहने धारणा राखे । विद्यालयीय तहदेखि नै राष्ट्रिय भावनाको विकास विद्यार्थीमा गराउनुपर्नेमा जोड दिँदै उनले राज्यले शैक्षिक क्षेत्रमा संविधानविपरीत काम गरिरहेको आरोप लगाए। संविधानको मौलिक हकका रूपमा निःशुल्क शिक्षा पाउने व्यवस्था भए पनित्यसको कार्यान्वयनमा राज्य उदासीन रहेको उनको भनाइ थियो । सामुदायिक विद्यालयहरूमा निजी स्रोतका शिक्षक राख्नुपर्ने बाध्यता हुनु र शुल्क लिन नपाउनु एकापसमा विरोधाभासपूर्ण रहेको अधिकारीलेबताए । रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले रूपाले शैक्षिक उन्नयका लागि सधैँ प्रयत्न गरिरहेको र सो प्रयत्नको प्रतिफल शिवालयले देखाएकोमा खुसी व्यक्त गरे । शिक्षा शाखा प्रमुख सन्दिप पौडेलले शिवालयका असल अभ्यासहरू अन्य विद्यालयमा जाँदा पनि उदाहरणका रूपमा प्रस्तुत गर्न सकिने बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजन सुवेदीले विद्यालयको व्यवस्थापकीय पक्षबाट गरिएका प्रयासहरूबारे जानकारी दिँदै विद्यार्थीको हितका लागि अनेकौँ योजनाहरू सञ्चालन गरिएको बताए । विद्यालयले वर्षौंदेखि झेल्दै आएको खानेपानीको समस्या समाधानका लागि पहल गरिएको भन्दै सुवेदीले यसका लागि स्थानीय सरकार तथा सङ्घीय सरकारको ध्यानाकर्षण गराए । स्मार्ट टिभीका माध्यमबाट प्रविधिमैत्री सिकाइ भइरहेको विद्यालयमा विषयगत प्रयोगशाला स्थापनाको अवधारणासहित अघि बढेको उनको भनाइ थियो ।

विद्यालयको वार्षिक प्रतिवेदन प्रधानाध्यापक रुपिन्द्र प्रभावीले र आर्थिक प्रतिवेदन लेखापाल पूर्णबहादुर गुरुङले प्रस्तुत गरेका कार्यक्रममा शैक्षिक सत्र २०७७ तथा विभिन्न सहकार्यकलापमा उत्कृष्ट भएका विद्यार्थीलाई विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष मणिराम ओझा, शिक्षा शाखा प्रमुख सन्दिप पौडेललगायतले पुरस्कार वितरण गरेका थिए । यसै गरी विद्यालयमा स्थापित ८ ओटा अक्षयकोषबाट उत्कृष्ट विद्यार्थीहरूलाई पुस्कृत गरिएको थियो । कार्यक्रममा पूर्व प्रधानाध्यापक डा. गणपति ओझा, रोशनलाल गुरुङ, पूर्व विद्यार्थी डा. नारायण ओझा, मनबहादुर भुजेल, राजेन्द्र ओझा, विव्यसका पूर्व सदस्य दुर्गाबहादुर विक, रामकोट माविका प्रधानाध्यापक भरतमणि भट्टराई, सल्लाहकार बलबहादुर गुरुङ, पूर्व विद्यार्थी मञ्चका उपाध्यक्ष शिवराज सुवेदीलगायतले शुभकामना दिएका थिए । शिक्षक जयराम सुवेदीको सञ्चालन र शिवालय बाल क्लबका अध्यक्ष निश्चल ओझाको स्वागतमा भएको कार्यक्रममा विद्यार्थीहरूले गायन, नृत्यलगायतका सांस्कृतिक प्रस्तुतिहरू राखेका थिए । वि. सं. २०१७ मा स्थापित विद्यालयमा हाल कक्षा १२ सम्म पढाइ हुँदै आएको छ।

# म्याग्दीमा सुन्तला उत्पादन बढ्यो

पोखरापत्र संवाददाता
म्याग्दी, २२ पुस

म्याग्दीमा यस वर्ष सुन्तलाको उत्पादन बढेको छ । गत वर्षको तुलनामा चार दशमलव ५३ प्रतिशतले सुन्तला उत्पादन बढेको हो ।

कृषि ज्ञान केन्द्रका कृषि प्रसार अधिकृत गोविन्द पाण्डेले गत वर्षको तुलनामा १०० मेट्रिक टन सुन्तला बढी फलेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उत्पादन भएको ८० प्रतिशत सुन्तला बिक्री बजारमा पठाइएको छ।" गत वर्ष ३४५ हेक्टर क्षेत्रफलमा सुन्तला खेती गरिँदा दुई हजार ८० मेट्रिक टन उत्पादन भएको थियो । यस वर्ष ३५५ हेक्टरमा लगाइएको बोटबाट दुई हजार १८० मेट्रिक टन सुन्तला उत्पादन भएको पाण्डेले बताउनुभयो ।

कृषकले बिक्री गरेको सरदर मूल्यका आधारमा जिल्लाभर रु १३ करोड बराबरको सुन्तला उत्पादन भएको छ । कृषकले प्रतिकिलो रु ५० देखि रु ८० का दरले सुन्तला बिक्री गरेका छन् ।

राखु, मरेक, सुर्केमेला, बरङ्जा, भेडाबारी, अर्मन, रुन्मा, बिम, ओखरबोट, ताकम, घतान, पिप्ले, भगवती, बेग, दोवा, दोसल्ले, घार, भुरुङ तातोपानी, दाना र नारच्याङमा सुन्तला अत्यधिक उत्पादन हुन्छ ।

म्याग्दीको सुन्तला पोखरा, चितवन, बुटवल, काठमाडौंलगायत ठाउँमा बिक्री हुँदैआएको छ । व्यापारीले बगैँचामै आएर सुन्तला खरिद गर्ने गरेको बेनी नगरपालिका-३ राखुका थमबहादुर पुनले बताउनुभयो ।

राखुमा रु एक करोड ५० लाख बराबरको सुन्तला बिक्री भएको छ। औसा परेर झर्ने समस्या नियन्त्रणका लागि कृषकलाई तालिम प्रदान गरिएको छ । बोट सुक्ने र पाक्ने बेलामा दाना झर्ने समस्या नियन्त्रणमा कृषक र प्राविधिक जुटेका छन् ।